नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(राय तथा परामर्श शाखा)

फ्याक्स : ९७७-१-४४१६६५१
राय फोन : ४४३८५३६
अनामनगर
काठमाडौं, नेपाल

नेपाल सरकार
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

प.सं. - २०७२/७३/ राय परामर्श 38
च.नं. 93

मिति:- २०७३।०२।२४

विषय:– चाडपर्व खर्च भुक्तानी सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै ।

विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट नयाँ नियुक्ति भई आउने कर्मचारीहरूले निजामती सेवामा नियुक्ति हुनासाथ आफूले मानी आएको धर्म अनुसार प्रमुख चाड नपरेको वा नपर्ने भए पनि सामान्य रूपमा मानिने औंसी, पूर्णिमा, एकादशी, शिवरात्री, चैते दशै, होली, संक्रान्ती जस्ता अवसरलाई मुख्य चाड पर्व मान्ने भनी चाडपर्व खर्च भुक्तानीका लागि माग गर्ने गरेका र निजामती सेवा ऐन तथा नियमावलीमा उल्लिखित व्यवस्था बमोजिमको रकम चाड पर्व खर्च भुक्तानी गर्नुपर्ने अवस्था रहेको तर त्यस्ता कर्मचारीले पछि साविकदेखि मुख्य चाडपर्वमा रकम लिइ आएका कर्मचारी सँग नै चाडपर्व खर्च माग गर्ने गरेका कारण व्यवस्थापनमा कठिनाई देखिनुका साथै आर्थिक अनुशासन परिपालनामा समेत समस्या सिर्जना भएकोले 'पोशाक खर्च भुक्तानीमा कायम भएजस्तै एकरूपता कायम गर्न मलेनिकाबाट पहल हुनुपर्ने' भनि औपचारिक अनौपचारिक माध्मबाट यस कार्यालयमा स्पष्टताका लागि अनुरोध प्राप्त भएको छ ।

यस सम्वन्धमा देहायबमोजिम गर्नु हुन र जिल्लास्थित सबै कार्यालयमा समेत यसै अनुसार हुने व्यवस्था मिलाउनु हुन यस कार्यालयको मिति २०७३/०२/२४ को निर्णयानुसार अनुरोध छ:

१. निजामती सेवा ऐन, २०४९ को दफा ३२(१) तथा नियमावली, २०५० को नियम १२८ को उपनियम (१) र (३) मा व्यवस्था भए अनुसार यसरी नियुक्ती हुने कर्मचारीहरूबाट निजहरूले मानि आएको धर्म (सिटरोल फाराममा उल्लेख भएको) अनुसारको मुख्य चाडपर्व पर्ने सम्भावित महिनाको लिखित जानकारी लिई चाडपर्व खर्च भुक्तानी गर्ने ।

२. कार्यालयका सबै कर्मचारीको निम्नानुसारको चाडपर्व खर्च भुक्तानी सम्बन्धी अभिलेख अद्यावधिक राख्ने।

| सि. नं. | पद | नाम थर | कर्मचारी संकेत नं. | नियुक्ति मिति | चाडपर्व खर्च भुक्तानी लिन रोजेको पर्व | चाडपर्व खर्च भुक्तानी लिन रोजेको महिना | चाडपर्व रोजेको लिखित निवेदनको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

३. सरूवा भइ जाने कर्मचारीको रमानामा (नि.से.नि.को अनुसूची १२ बमोजिम) अनिवार्य रूपमा चाडपर्व खर्च भुक्तानी लिने पर्वको नाम, तिथी र महिना खुलाउने ।

४. नि.से.नि.को नियम १२८(३) बमोजिम एक पटक चाडपर्व खर्च लिन रोजेको पर्व र महिना परिवर्तन गर्न नपाउने भएकोले सम्बन्धित कार्यालयको आन्तरिक लेखा परीक्षण गर्दा चाडपर्व खर्च भुक्तानीको अभिलेख समेत परीक्षण गर्ने र नियम विपरित चाडपर्व खर्च लिए/दिएको पाइए असूल उपर गर्ने ।

२०७३।२।२४
(मुरारी निरौला)
उप महालेखा नियन्त्रक

**बोधार्थ:**

श्री सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

CamScanner